नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## विज्ञप्ति

नेपाल कम्यूनिष्ट पार्टी (नेकपा) को नामबाट विविध विषयहरू उठाई आज मिति २०७७।१०।२१ गते साँझ मसाल जुलुस र भोलि २०७७।१०।२२ गते देशव्यापी आमहडताल आव्हान गरिएको भनी सार्वजनिक भएको प्रेस वक्तव्य उपर गृह मन्त्रालयको ध्यानाकर्षण भएको छ । नेपालको संविधान तथा प्रचलित कानून विपरित शान्ति सुरक्षामा खलल पुग्ने, सार्वजनिक तथा निजी सम्पत्तिको तोडफोड, आगजनी, आम सर्वसाधारण नागरिकले प्रयोग गर्ने सार्वजनिक यातायात सञ्चालनमा अवरोध लगायतका ध्वंशात्मक एवं अवाञ्छित गतिविधि नगर्न नगराउन तथा संविधान प्रदत्त हकको निर्वाध उपभोग गर्न पाउने नागरिकको अधिकारको सम्मान गर्न सम्वद्ध पक्षसँग गृह मन्त्रालय हार्दिक अनुरोध गर्दछ । शान्ति सुरक्षामा खलल पुग्ने गरी तोडफोड, आगजनी र जवरजस्ती लगायतका अवाञ्छित गतिविधि गरेको पाइएमा त्यस्ता गतिविधिमा संलग्न हुने उपर कानून बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । दैनिक रूपमा सञ्चालित उद्योग, पेशा, व्यवसाय सञ्चालनमा कुनै बाधा अवरोध पुग्न नदिने गरी सुरक्षा निकायबाट आवश्यक सुरक्षा व्यवस्था मिलाइने हुँदा यातायात व्यवसायी लगायत सबै उद्यमी व्यवसायीहरूलाई निर्धक्क एवं पूर्ववत् रूपमा आ-आफ्नो उद्योगधन्दा, पेशा व्यवसाय सञ्चालन गर्न गृह मन्त्रालय हार्दिक आग्रह गर्दछ । साथै आम नागरिकबाट प्रचलित कानूनको पालना गरी शान्ति सुव्यवस्था कायम गराउने कार्यमा सदाझैं निरन्तर सहयोगको लागि समेत गृह मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

१०।२१

मितिः २०७७।१०।२१

चक्र बहादुर बुढा
सहसचिव/प्रवक्ता